स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'म यस्तो गीत गाउँछु २' प्रदर्शनको बेला अभिनेता पल शाह एउटा घटनाका कारण जेल चलान भएपछि अभिनेत्री पूजा शर्मा हलमा दर्शक भेट्न जाने क्रममा पटकपटक रोएकी थिइन्। त्यसबेला उनको आँशुले नै फिल्म चलाएको टिप्पणी गरिएको थियो । त्यसपछि उनलाई रोएर फिल्म चलाउने हिरोइनको ट्याग नै दिइयो । तर, पूजाले अब रोएर फिल्म नचलाउने उद्घोष गरेकी छन् ।

**आजको विचार...**



साँच्चै... (दुई पेजमा)

पुष्करराज अथक रेग्मी



फिल्म 'सतीदेवी'को ट्रेलर सार्वजनिक गरिएको छ । महिलाको विषयमा निर्माण भएको फिल्मको ट्रेलरमा पनि महिला सशक्तीकरणको सन्देश नै समेटिएको छ । कार्यक्रममा निर्देशक लक्ष्मण सुवेदीले 'सतीदेवी' अहिले बजारमा आएको भन्दा भिन्न र उत्कृष्ट फिल्म भएको दाबी गरे । फिल्मले महिलाको विषयमा समाजमा भएको भनाई छ । सुवेदीले आफूले समाजमा देखेको र भोगेको कथावस्तुलाई फिल्ममा उतारेको सुनाए । यसअघि विभिन्न अवार्डमा समेत फिल्मले उत्कृष्ट अवार्ड हात पारिसकेको छ ।

❐ वर्ष ३० ❐ अंक १९ ❐ २०८१ साउन १९ गते शनिबार 3 August 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पालपामा मनाइयो घण्टाकर्ण सुरु भए जात्रा र पर्व

संगीता आचार्य

**पाल्पा,** साउन १८/प्रत्येक वर्षको साउन कृष्णपक्ष घण्टाकर्ण चतुर्दशीको अवसरमा मनाइने गठेंमंगा: अर्थात् घण्टाकर्ण पर्व पाल्पामा पनि मनाइएको छ । नेवार समुदायमा घर शान्तिको कामना गर्दै यो पर्व मनाइएको हो । गठेंमंगा: पर्व नेवारहरूको मौलिक पर्व मध्येको एक हो ।

खासगरी रोपाइँ सकिएलगतै आउने घण्टाकर्ण पर्व नेवार समुदायले भूतपिशाच, रोगव्याधी नलागोस् भन्ने परम्परागत कामना गर्दै मनाउँछन् । शुक्रबार तानसेनका नेवार समुदायले दोबाटो र चौबाटोमा नर्कटको तीनखुट्टे लिंगाकृति गठांमो ठड्याई घण्टाकर्ण पर्व मनाएका हुन् । यहाँका शितलपाटी, बसपार्क, टक्सारटोल, नारायणस्थान लगायतका स्थानमा हरियो नर्कट र निगालो,छ्वालीको मानवाकृतयुक्त राक्षसको प्रतीक बनाई राखिएको थियो । हरेक वर्ष जस्तै यस वर्ष पनि देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाले तानसेनको शितलपाटी चोकमा, कलाकार किरण चित्रकारको समूहले बसपार्कमा, टक्सार टोलले टक्सार चोक र नारायण युवा क्लवले नारायणस्थान चोकमा राक्षसको प्रतीक बनाई राखेका थिए । सो आकृतिसँगै व्यक्तिलाई राक्षसको प्रतीक बनाई जगात अर्थात् पैसा उठाउन लगाइएको थियो । साँझपख सो राक्षसको प्रतीक स्वरूपको नर्कट र छ्वालीको मानवकृतलाई बाजागाजाका साथ ख्याल ठट्टा गर्दै नजिकको होलाङ्गदी खोलामा लगेर जलाइएको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्ययक्ष मदन देउरालीले बताए । खेती किसानीको काम सकिएलगतै विशेष गरी नेवार समुदायमा पहिलो चाडका रूपमा श्रावण कृष्ण चतुर्दशीका दिन यो पर्व मनाइने गरिन्छ । घण्टाकर्णको दिन फलाम वा पित्तलको औंठी गठांमोमा छुवाएर लगाउने परम्परा छ । महिलाहरू रोपाइँ सकिएको खुसियालीमा यसै दिन हातमा मेहेन्दी (लैंचा) लगाउने प्रचलन रहेको छ । बालबालिकाहरूले दोबाटो र चौबाटोमा दिनभर नर्कटको तीन खुट्टे गठांमो ठड्याई बटुवाहरूसँग 'घण्टाकर्ण जगात दे' भन्दै जगात अर्थात् कर मागेका थिए । भूतप्रेत आउन नदिन घरको मूलढोकामा किला ठोकी फलाम, पित्तल वा तामाका औंठी लगाउने चलन छ । यो पर्वलाई तान्त्रिक विधि सिक्ने उत्तम दिनका रुपमा लिने गरिन्छ । परापूर्वकालमा घण्टाकर्ण नामक राक्षसले जनतालाई दु:ख दिन थालेपछि एकजना तान्त्रिकले भ्यागुताको सहयोगमा उसलाई मारेको खुसियालीमा यो पर्व मनाउन थालिएको किंम्बदन्ती छ । यो पर्वसँगै पाल्पामा सांस्कृतिक जात्रा र पर्वहरु सुरु भएका छन् । हरेक वर्षको साउन महिनाभर पाल्पामा जात्रा पर्व भइरहन्छ । साउनको अन्त्यसम्म जिल्लाका प्राय: सबै स्थानमा जात्रापर्व हुने गर्दछन् । विशेषगरी जिल्लाका नेवारी समुदायले पूजाआजा गरी विभिन्न जात्रा र पर्व मनाउँदै आएका छन् । जिल्लामा गाईजात्रा, रोपाइँजात्रा, भगवतीजात्रा, चुईकी फिराई, अमर नारायण, गणेश, भिमसेन बाघ जात्रा लगायतका जात्रापर्व हुँदै आएका छन् ।




## संक्षिप्त समाचार

### भारतमा वर्षाका कारण २१ जनाको मृत्यु



**सिन्ह्वा/न्युज एजेन्सी नेपाल**

**काठमाडौं,** साउन १८/अविरल वर्षाले उत्तर भारतमा पहिरो खस्ने र बाढीका कारण २१ जनाको मृत्यु भएको र ५० भन्दा बढी बेपत्ता भएका अधिकारीहरूले बताएका छन् ।

भारतको राजधानी क्षेत्र र यसका बाहिरी क्षेत्रमाभारी वर्षाले सहरका अधिकांश भाग जलमग्न भएको छ । अविरल वर्षा र डुबानले सडक अवरुद्ध हुँदा यात्रुहरु घण्टौंसम्म अलपत्र परेका छन् । आईएमडीले बासिन्दाहरूलाई घर भित्रै बस्न, आफ्नो घर सुरक्षित गर्न र अनावश्यक यात्रा नगर्न सल्लाह दिएको छ । भारतको उत्तरी भेगका तीन जिल्लामा आएको बादलले पुल, घर र सडकमा ठूलो क्षति पुर्‍याएको छ । स्थानीय सरकारले बेपत्ताको खोजी गर्न सेवा प्रकोप उद्धार बलका कर्मचारीहरूलाई दबाब दिएको छ ।

## अरिगांलले टोकेर गुल्मीमा एकको मृत्यु



**तेजेन्द्र कुमार श्रेष्ठ**

**गुल्मी,** साउन १८/अरिगांलको गोलोमा आगो लगाउनेक्रममा अरिगालले टोक्दा गुल्मीमा एक जनाको मृत्यु भएको छ । रूरूक्षेत्र गाउँपालिका वडा नम्बर - २ ग्वादीको यादुङमा रुखमा रहेको अरिगांलको गोलोमा आगो लगाउने क्रममा सोही गाउँका ३५ वर्षीय हरि कुँवरको मृत्यु भएको हो ।

उनको उपचारको क्रममा तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक रामकुमार केसीले जानकारी दिए ।

बिहीबार साँझ आफ्नै बारीको छेउमा रहेको सालको रुखमा अरिङ्गाल पोल्ने क्रममा अरिङ्गालले शरीरको विभिन्न भागमा टोकेर कुँवर घाईते भएका थिए ।

घाइते उनलाई परिवारले उपचारका लागि बिहिवार नै मिसन अस्पताल पाल्पा लगेकोमा शुक्रवार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ ।

## लुम्बिनीका मन्त्रीहरुको जिम्मेवारी तोकियो, कुन मन्त्रीले के पाए ?

**बुटवल,** साउन १८/लुम्बिनी प्रदेशका मन्त्रीहरूको जिम्मेवारी तोकिएको छ । विना विभागीय मन्त्रीका रूपमा रहेका आठ मन्त्रीहरुको शपथ लिएको ९ दिनपछि शुक्रबार विभागीय जिम्मेवारी तोकिएको हो ।

लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यसहित एमालेबाट पाँच र काँग्रेसबाट चार मन्त्रीले साउन ९ गते शपथ लिएका थिए । कांग्रेसभित्रको आन्तरिक विवादले थप एक मन्त्री नियुक्त गर्न बाँकी छ । एमालेका मुख्यमन्त्री चेतनारायण आचार्य र कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीसँग शुक्रबार बुटवलमा भएको सहमतिअनुसार कांग्रेसबाट आर्थिक मामिला तथा योजन मन्त्रीमा गुल्मीका धनेन्द्र कार्की, सहरी विकास तथा खानेपानी मन्त्रीमा प्यूठानका सरोज थापा, वन तथा वातावरणमा बाँकेका बादशाह कुर्मी, उद्योग पर्यटन तथा यातायात मन्त्रीमा दाङका प्रचण्डविक्रम न्यौपानेले जिम्मेवारी पाएका छन् । काँग्रेसले एक मन्त्री पठाउन बाँकी छ । एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्रीमा रूपन्देहीका भूमिश्वर ढकाल, कृषि तथा भूमि व्यवस्था मन्त्रीमा गुल्मीका दिनेश पन्थी, स्वास्थ्य मन्त्रीमा पाल्पाका खेम सारु र ऊर्जा जलश्रोत र सिँचाइ मन्त्रीमा दाङकी सीता शर्मा चौधरीले जिम्मेवारी पाएका हुन् । १२ मन्त्रालय रहेको लुम्बिनीमा एमालेले मुख्मन्त्रीसहित ५, कांग्रेसले ५ र दुई साना दललाई मन्त्रालय बाँडफाँड गरिएको थियो । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय र महिला तथा बालबालिका मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री आफैंले राखेका छन् । मुख्यमन्त्री आचार्यले यसअघि दिनेश पन्थीलाई सरकारको प्रवक्ताको जिम्मेवारी दिएका थिए ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अब बजेट कार्यान्वयनमा जुट

देशभरका स्थानीय तहले आर्थिक वर्षा २०८१/०८२ का लागि बजेट ल्याइसकेका छन् । नीति तथा कार्यक्रमसँगै स्थानीय सरकारले बजेट ल्याएका छन् । स्थानीय आवश्यकता र जनताको अपेक्षालाई मध्यनजर गर्दै स्थानीय सरकारले आ-आफ्नो स्रोत साधान अनुसार बजेट ल्याए । बजेट ल्याउनु ठूलो कुरा हैन तर त्यसको कार्यान्वयन महत्वपूर्ण हो ।

बजेट भनेको गत आर्थिक वर्षाका आर्थिक गतिविधिको अभिलेख, चालू वर्षाको चित्रण र आगामी वर्षाको कार्यक्रमको अनुमानित प्रक्षेपण हो । यस अर्थमा कुनै पनि सरकारले सामान्यतयाः एक आर्थिक वर्षाका लागि आय र व्ययको अनुमानित विवरण तयार गर्ने गर्छन् । यसका लागि तत्कालीन तथा दीर्घकालीन आवश्यकता र उपलब्ध हुन सक्ने स्रोतसाधनको अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । स्थानीय सरकारले जुन जुन कुरालाई प्राथमिकतामा राखेर बजेट बनाएका छन् ति विषाय अक्षरांश कार्यान्वयन हुनुपर्छ । तब मात्र बजेट ल्याउनुले सार्थकता पाउन्छ । प्रायः सबै पालिकाहरुले बजेट सार्वजनिक गरिसकेको सन्दर्भमा अब त्यसको कार्यान्वयनको पाटो र त्यसको परिणामको अपेक्षा गर्नुपर्छ । वर्षाका बीच सार्वजनिक भएको बजेटले ततत् क्षेत्रको सर्वाङ्गिण विकासमा योगदान दिन सक्यो भने त्यो नेतृत्व सफल भएको ठहरिने छ । बजेट जस्तो सुकै भए पनि त्यसले विकास र जनताको आवश्यकता परिपूर्तिमा कुनै न कुनै ढंगबाट सम्बोधन गरेकै हुन्छ । तर योजना कार्यान्वयन प्रमुख कुरा हो । बजेटमा समेटिने तर कार्यान्वयन नहुने पुरानो रोग अब देखिनु हुँदैन । बजेट ल्याउने तर कार्यान्वयनमा ध्यान दिन नसक्दा हरेक वर्ष घोषणा गरेका कार्यक्रम प्रभावकारी रूपमा लागू हुन सकेको देखिँदैन । स्थानीय सरकारले आफ्हरुले ल्याएको बजेटमाथि व्यापक छलफल गरिसकेका छन् । कार्यपालिकाको छलफलबाट ल्याइएको बजेट कार्यान्वयनमा पनि सोही अनुसार लाग्नु अहिलेको आवश्यकता हो । यसर्थ विकास र जनताका अपेक्षा पूरा गर्न अब प्राथमिकताका आधारमा बजेट कार्यान्वयनतर्फ स्थानीय सरकारले तदारुकता देखाउन जरुरी छ ।

### Opinion @ Social Network

हेर्दा साह्रै रहर लाग्दो हुन्छ अर्काको जिन्दगी पनि
के थाहा कसको मनमा के बितिराको छ भनेर ।

*(अनिल भट्टराईकोफेसबुक स्टाटसबाट www.facebook.com//Anil.Bhatrai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पाको भैरवनाथ



पुष्कारराज अथक रेग्मी

वि.सं. १८६१ मा पाल्पा राज्य नेपालमा विलिन हुन गयो । यसअघि पाल्पा राज्यमा करीब चारसय पचाँस वर्षसम्म सेनहरुले शासन गरे । पाल्पा रिब्दीकोटबाट सेन वंशीय शासनको सूत्रपात भयो । रिब्दीकोट रिसायतका प्रथम राजा धर्मपाल सेन थिए भने विशाल पाल्पा राज्यका संस्थापक रुद्रसेन थिए । रुद्रसेनका छोरा मणिमुकुन्द सेन (प्रथम) ले पाल्पालाई एकीकृत विशाल पाल्पा राज्यको रुपमा व्यापीकरण गरे । यही क्रममा केही वर्षसम्म काठमाडौं उपत्यकालाई पनि पाल्पा राज्यको अधिनमा राखे । दिग्विजयको क्रममा चक्रवर्ती महाराज मणिमुकुन्द सेनले थुप्रै कलाकृति एवं मूर्तिहरूका साथ उपत्यका भित्र भएको रातो मच्छेन्द्रनाथको मन्दिरमा रहेको काल भैरवको मूर्तिलाई भ्यालीसहित बाजा बजाउँदै सम्मानका साथ पाल्पा लिएर आए ।

काल भैरवले आफूलाई अनिष्ट गर्छन् कि भने डरले उनले एकसय एकका दरले बोका, राँगो, कुखुरा, हाँस र भेडा गरी पाँच सय पाँच बलि दिइसकेपछि क्षमा पूजा गर्न लाग्दा काल भैरव प्रकट भई "पशुहरूलाई होइन, मलाई तिम्रो बलि चाहिएको छ" भन्दै राजा मणि मुकुन्द सेनतर्फ कुद्ध भई आइलाग्दा दैवसंयोग महाकालीले हावाको रुप धारण गरी भैरवलाई रोकी ढोका बन्द गरी बाहिर निस्कन नदिई मुकुन्द सेनको ज्यान जोगाई दिइन् । नाथ सम्प्रदायका महन्तहरूले आफ्नो साधना मन्त्रद्धारा भैरवलाई शान्त पारी शिलामै प्रवेश गराए । क्षमा पूजा आराधनासहित राजा मुकुन्दसेनले पाल्पाको आराध्य देवको रुपमा भैरवनाथको मूर्ति प्रतिष्ठापित गरी भव्य र दिव्य मन्दिर बनाए । जुन मन्दिरलाई आज हामी पाल्पाको भैरवस्थान मन्दिर भन्दछौं । त्यतिबेलादेखि नाथ समुदायका महन्त (पूजारी) हरूले भैरवको नित्य पूजा गर्दै आएका छन् ।

राजा मणिमुकुन्द सेनको दरबार पाल्पाको भैरवस्थानको मन्दिरको पश्चिमपट्टि र हार्थोक बजारको पूर्वपट्टि रहेको पूरनकोट ( पूर्णकोट) डाँडामा थियो । आृनो दरवारको नजिकैको सुन्दर डाँडामा उनले भैरवको मूर्तिलाई मन्दिर बनाई प्रतिष्ठापित गरेका थिए । तत्कालीन समयमा जयमुनि नामका सन्यासी भैरवनाथका पूजारी थिए । उनी राजा मुकुन्द सेनको साथ लागेर सधै राती नै उठेर रीडी, काली गण्डकीमा नुहाउन गई त्यहाँबाट गंगाजल ल्याएर भैरवको नित्य पूजा गर्दथे । कालकममा एकदिन काली गङ्गा प्रशन्न भई "अब देखि जल लिन नित्य यहाँ आउनु पर्दैन, मन्दिरमुनिको धारामा यहाँको जल पुग्नेछ" भनेकाले उक्तधारालाई 'जयधारा' भनी आज सम्म पनि जयधाराबाट जल ल्याएर नित्य पूजा गर्ने चलन छ ।

भैरवको शाब्दिक अर्थ भयानक, डरलाग्दो, भयङ्कर भन्ने हुन्छ । भैरवलाई शिवजीको गणहरू मध्ये एक मानिन्छ । भैरवनाथको मन्दिर काठमाडौं हनुमान ढोकास्थित देगुतले मन्दिरको वास्तुशैली एवं नेपाली तलेशैलीमा निर्माण भएको छ । मुख्य कालभैरवको मूर्ति भूईंतलाको गोप्य कोठामा राखिएको छ । यसलाई पूजारी बाहेक अन्य भक्तालुहरूले दर्शन गर्न पाउँदैनन् । गोपनियता र रहस्यमय विशेषताले यसको धार्मिक आस्था र महत्व अझ बढ्न गएको छ । दोश्रो तलामा भक्तालुहरुको दर्शनका लागि कीर्तिमुख भैरवको मूर्ति राखिएको छ । तेश्रो तलामा सुनको मोलम्बा जडित धातुद्धारा निर्मित छानामाथि कलात्मक सुन्दर सुवर्णकलश र छत्रसहितको गजूर रहेको छ । मन्दिरको भूईंतलामा 'माई' अर्थात् 'आमा' को मूर्ति रहेको छ ।



पुरानो भैरवस्थान मन्दिर



नयाँ भैरवस्थान मन्दिर

*काल भैरवले आफूलाई अनिष्ट गर्छन् कि भने डरले उनले एकसय एकका दरले बोका, राँगो, कुखुरा, हाँस र भेडा गरी पाँच सय पाँच बलि दिइसकेपछि क्षमा पूजा गर्न लाग्दा काल भैरव प्रकट भई "पशुहरूलाई होइन, मलाई तिम्रो बलि चाहिएको छ" भन्दै राजा मणि मुकुन्द सेनतर्फ कुद्ध भई आइलाग्दा दैवसंयोग महाकालीले हावाको रुप धारण गरी भैरवलाई रोकी ढोका बन्द गरी बाहिर निस्कन नदिई मुकुन्द सेनको ज्यान जोगाई दिइन् । नाथ सम्प्रदायका महन्तहरूले आफ्नो साधना मन्त्रद्धारा भैरवलाई शान्त पारी शिलामै प्रवेश गराए । क्षमा पूजा आराधनासहित राजा मुकुन्दसेनले पाल्पाको आराध्य देवको रुपमा भैरवनाथको मूर्ति प्रतिष्ठापित गरी भव्य र दिव्य मन्दिर बनाए । जुन मन्दिरलाई आज हामी पाल्पाको भैरवस्थान मन्दिर भन्दछौं । त्यतिबेलादेखि नाथ समुदायका महन्त (पूजारी) हरूले भैरवको नित्य पूजा गर्दै आएका छन् ।राजा मणिमुकुन्द सेनको दरबार पाल्पाको भैरवस्थानको मन्दिरको पश्चिमपट्टि र हार्थोक बजारको पूर्वपट्टि रहेको पूरनकोट (पूर्णकोट) डाँडामा थियो ।*

पाल्पाको सदरमुकाम तानसेनबाट दुईकोष अर्थात् करीब नौ किलोमिटर पश्चिममा रिब्दीकोट गाउँपालिका अन्तर्गत पर्ने चारैतिरबाट शिखरिदै गएको सुन्दर डाँडाको टाकुराको समथल भागमा भैरवको विशाल दिव्य मन्दिर अवस्थित छ । सेनकालीनल मल्लकालीन, राणकालीन एवं आधुनिककालीन कलाहरूको समिश्रण भई चारैतिर घेरिएको कलात्मक प्रासाद अधावधि रहेका छन् । अखण्ड धुनी, खुला चोक, विशाल पित्तलको त्रिशुल देवीदेवता सानाठूला मूर्तिहरू घण्टहरू, त्रिशुलहरू, बली दिने स्थान, परेवाको बासस्थान आदिले मन्दिर सुसज्जित रहेको छ । भैरव मन्दिरमा कानफट्ट सन्यासीहरूद्वारा गरिने पूजा विधि विचित्रको रहेको छ । भाकल भैरवलाई गरिन्छ र पनि पूजा गर्दा भैरव र माईलाई अलग अलग रोट चढाइन्छ । चामल वा गहुँको पिठोबाट बनाइने रोट एकमानाको वा एकपाथीको हुने गर्दछ । रोट शुद्ध गाई भैंसीको घिउ, दूध, नरिवल, छाडा, ल्वाद्र, सुकमेल, अलैंची, मरिच, दालचिनी, मसला मिसाएर पकाएर बनाइन्छ । प्रसादको रुपमा खाइने यो रोट अपूर्व अमृतमय स्वादिलो हुन्छ । भाकल अनुसार बली र पञ्चवली दिने चलन छ । पञ्चवली दिदा नौमति बाजा बजाइन्छ । पूजा र वलीको लागि कुनै पनि तिथि मितिको छेकवार छैन् । विषेश गरी वैशाख, मंसिर, माघ, र शारदीय नवरात्रमा टाढा टाढाबाट भक्तालुहरू आउँछन् । नेपालको मेचीदेखि महाकलीसम्मका भक्तजनहरू र मित्रराष्ट्र भारतका हिन्दूमार्गीहरू समेत भैरवनाथको दर्शन गर्न आउँछन् । सबैले गौरवका साथ रातो, पहेलो, सेतो धजा लगाउँछन् । भाकल गरेको कुरा यहाँ पूजा गरेपछि सबै पुग्दछ भन्ने जनविश्वास रहेको छ । वर्तमान समयमा भैरवस्थानको भन्दिर क्षेत्रमा निकै चहल पहल बढ्दो छ । मन्दिर अगाडिको छतमाथिबाट चारैतिरको रमणीय दृश्य देखिन्छ । अझ उत्तरतर्फ हेर्दा धवलागिरी, गणेश, अन्नपूर्ण, गौरीशङ्कर लगायतका सुन्दर हिमदृश्य श्रृङखलाहरू देख्न सकिन्छ । ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक पर्यटकीय गन्तव्य भएकाले यस ठाउँमा पुग्नु भूस्वर्गमै रमाउनु हो । जय भैरव !

*(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र पाल्पाको इतिहासको पक्षमा कलम चलाउने स्रष्टा समेत हुन् ।)*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अवसरले मानप्रतिष्ठा बढाउनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । | **तुला** : कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । मनमा उत्साहका हुनेछ । |
| **वृष** : उमङ्ग र उत्साह छाउनेछ । रमणीय, सुखद् र धार्मिक यात्राको योग छ | **वृश्चिक** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| **मिथुन** : आफन्तको सहयोग प्राप्त हुनेछ । धनार्जनका स्रोत पत्ता लाग्नेछन् । | **धनु** : रोकिएको धन हात पर्ला । स्थान परिवर्तनका विशेष योग देखिन्छन् । |
| **कर्कट** : कार्यमा अवरोध आउला । यात्रामा मालसामान हराउन सक्छ । | **मकर** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |
| **सिंह** : स्वादिष्ट भोजन पाइनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईदैन । | **कुम्भ** : सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **मीन** : मनमा दुबिधा उत्पन्न हुनेछ । पारिवारिक समस्या आइपर्ला । |

# साहित्य दर्पण

यात्रा संस्मरण ● ● शालिकराम पाण्डे 'शिला'

## दिल्ली यात्राका मिठा–नमीठा अनुभवहरु




नयाँदिल्ली पुग्दा भोलिपल्ट बिहानको तीन बजेको थियो । रेलको यात्राले लखतरान पारेको ज्यान कतिखेर ओछ्यानमा बिसाऊं जस्तो भएको थियो । झिटीगुण्टा बोकेर आँखा मिच्दै हामी रेल्वे स्टेसनबाट बाहिर आयौं । साथीहरुले गन्तव्य पुग्न गाडीको मोलमोलाई गरे । म भने दिल्लीलाई अनुभूत गर्न आतुर थिएं । आठ जना यात्रुलाई दुई वटा कारले बोकेर बाटो लागेपछि भने दिल्लीको औंलो देखिएझैं भयो । हातखुट्टा र पुरै ज्यान हेर्न त आठ दिनको लामो बसाईले पनि भ्याउला, नभ्याउला ? सडकका दुवै किनारामा सडक बत्तीको चहक देख्दा नेपालको लोडसेडिङको सम्झना आयो । यहाँको सडक र बस्तीभरी छरिएको उज्यालोलाई लोभी नजरले हेर्दै हामी अघि बढ्यौं । सडकका बीचभाग र त्यसका दुबै किनारामा रहेका बगैंचाहरुले मन तान्दै गर्दा कारका चालकहरुले गाडी रोके र हाम्रै अगाडि बगैंचातिर फर्केर मुत्र विसर्जन पो गरे । हाम्रा महिला साथीहरुलाई अप्ठ्यारो भयो होला । सुन्दर चित्रमा एक थोपो मसी खसे जस्तै लाग्यो । दिल्लीमा पनि बैभव र विकृति दुवैसँगै बाँच्दा रहेछन् । नयाँदिल्लीको सफ्दरगञ्जस्थित गोर्खाल्याण्ड भवन हाम्रो गन्तव्य रहेछ । एउटा हल । झोला बिसाएर सबैले एकएक वटा बेड समात्यौं र गुटुमुटु भयौं । हामी पुरुष साथीहरुलाई त केही भएन । महिला साथीहरुलाई आठ दिनसम्म एउटै कोठामा रहँदा केही अप्ठ्यारो भयो होला । तर त्यसको अनुभूति महिला साथीहरुले ब्यवहार र बोलीमा कतै देखाउनु भएन । हामी पुरुष साथीहरुले पनि त्यसको बढी ख्याल गर्‍यौं । जब मान्छेहरुले अभाव र अप्ठ्यारोहरुमा बाँच्न सिक्छ, त्यसले मानिसलाई नजिक बनाउँछ र बांच्ने कला पनि सिकाउँछ । महँगो दिल्लीमा फरक-फरक कोठा लिन परेको भए हाम्रो बजेटले नपुग्ने रहेछ । बिहान अबेलासम्म सुतेर रातभरको थकाई मारियो । भारतको प्रारम्भिक बालविकासको बारेमा बुझ्न् गएको बेस नेपालको टोलीलाई त्यो दिन खाली थियो । अर्थात् कुनै कार्यतालिकाको यन्त्रवत् बन्धनभित्र हामी थिएनौं । दिल्लीका महत्वपूर्ण स्थलहरु अवलोकन गर्ने कार्यक्रम तय भयो । हाम्रो घुमफिर कुतुवमिनारबाट सुरु भयो । महात्मा गान्धीको समाधिस्थल राजघाट गयौं र गान्धिलाई श्रद्धाको फूल चढायौं । अक्षरधाम पुग्यौं र हिन्दूहरुको भव्य मन्दिरको दर्शन गर्‍यौं । लालकिल्ला घुम्यौं र इतिहास पढ्यौं । लोटस् टेम्पल पुग्यौं र शान्तिको कामना गर्‍यौं । इन्डिया गेट भने अर्को दिनको भागमा पर्‍यो । साना ठूला मन्दिर, स्मारक तथा ऐतिहासिकस्थलहरु हाम्रा अवलोकनका निसानामा परे । तर सबै मानव निर्मित इतिहास, मानवसभ्यताको धरोहर, धर्म र कलासँग जोडिएका सबै सम्पदाहरु गौरव गर्न लायक, मानवीय सभ्यताको अनुपम नमूना, हरेक पर्खाल, ढोका, झ्याल र ढिस्काहरुले जीवन्त इतिहास बोकिरहेका, हजारौं मान्छेहरुको अजश्र पसिनाको सिर्जना,सर्वोत्तम कला र अद्भूत आश्चर्य । विशाल सडकहरु, जमिनमा सडक, आकासमा सडक, भूमिगत रेल( मेट्रो) । नेपालको रत्नपार्कमा बनेको ओभरब्रिज र भोटाहिंटीको सव वे देख्दा दंग परेका आँखा यहाँको रेल मार्ग, रोडमाथि बनाएको लामो न लामो अर्को आकासे रोड देख्दा अचम्म त लाग्ने नै भयो । भीमकाय घरहरु अर्को आश्चर्यका विषय बन्दा रहेछन् । इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल पुग्दा आश्चर्यले जिब्रो लामो न लामो भएर बाहिर निस्कियो । कति सफा ! कति सुन्दर ! कति बिशाल ! ब्रिफकेस बोकेर दौडेका मान्छेहरुको भींड देख्दा मानवीय जीवन जटिल पनि लाग्यो । के-के देख्न पर्ने ? के के भोग्न पर्ने ? के-के जान्न पर्ने ? के के गर्न पर्ने ? मिनेट मिनेटको महत्व यहाँ पो हुँदोरहेछ । साथीहरु फोटो खिचाउन तछांडमछाड गर्दै गर्दा म नजिकको फलामेबारमा अडेस लागें । मान्छेहरुको भीड हेर्दै सोचें, सबै मान्छेहरु कहाँ पुग्न दौडेका हुन् ? सबै हतारमा दौडिरहेका छन् । कहाँ के छ र यति विधि हतारो हं ? खोल्साले खोला, खोलाले नदी र नदीले समुन्द्र भेट्न दौडिएझैं । जीवनको स्वाद व्यस्ततामा मीठो कि फुर्सदमा ? यतिबेला हिउँदमा दिनभर खोलामा माछा खोजेर साँझ चिसो कट्टु निचोर्दै एकदुई वटा माछा तुर्लङ्ग झुण्डाएर उकालो लाग्ने हाम्रा गाउँले दाजूभाईलाई सम्झें । आखिर त्यहाँ पनि जीवनको आनन्द छ । उनीहरु पनि खुसी र सुखी नै छन् । मलाई लियो टोल्सटोयको 'एक हात जमीन' भन्ने कथा सम्झनामा आयो । 'किसानलाई उसले दोडेर घेरा बनाउन सके बराबरको जमिन दिइने भएपछि लोभी किसान बिहान सूर्य उदाएदेखि अस्ताउंदासम्म दौड्यो । बिहान सुरु गरेको ठाउँमा आउनै लाग्दा ऊ सदाको लागि ढल्यो । आखिर उसलाई एक हात जमिनमा गाडियो ।' कथाको सार यही थियो । तर लोभै नगरे पनि शहरमा यति ब्यस्त नभए जीउन नै गाह्रो छ । शहर जटिल छ । शहरमा मान्छे यान्त्रिक हुन्छन् । यहाँ मान्छेलाई यन्त्रले चलाउँछ । त्यसैले दौड्न विवश छन् । दिल्ली मुगल बादशाहहरुले बसालेको शहर, इतिहासदेखि वर्तमानसम्म शासनसत्ताको केन्द्रबिन्दु,हरित शहर । छड र सिमेन्टले बनेको भीमकाय महानगर । दिल्लीमा प्राकृतिक दृष्यावलोकन गर्ने ठाउँ भने कतै छैन् । विशाल घर र सडकले छेलिएर बगेकी यमुना पनि हेर्न लायक देखिईनन् । मलाई दिल्लीमा घरिघरि हाम्रा राष्ट्रकवि माधव घिमिरेको 'लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो, हिमालचुली मुन्तिर पानी भर्ने पंधेरो ।' भन्ने गीति कविता याद आयो । हिमाल, पहाड र तराईको मनोरम् देश नेपाल पनि कोहीभन्दा कम छैन् भन्ने राष्ट्रभावले मलाई पुलकित बनायो । दिल्ली बसाईको अन्ततिर हामी ताजमहल हेर्न आगरा हांकियौं ।

टुरिष्टबसमा टुरिस्ट बनेर दिल्लीबाट आगरा दौड्दै थियौं । भव्य सडकमा बग्दै र दायाँबायाँका निर्माणाधीन विशाल भवनहरुलाई छिचोल्दै हामी ताजमहल नजिक भईरहेका थियौं । बसका स्टाफहरु भने टुरिस्टसँग कस्तो व्यवहार गर्ने भन्ने विषयमा शुन्य ज्ञान राख्ने खालका थिए । तीन घण्टासम्म गाडी अनवरत कुंदिरहँदा मलाई पिसाव फेर्ने मौका पनि दिएनन् । हाम्रो अनुनय विनय उनीहरुका लागि बालक्रन्दन सावित भयो । पिसावथैली फुट्ला जस्तो भएपछि झगडै गर्न पर्‍यो । बल्लतल्ल गाडी रोकिएपछि महासंकट पार लाग्यो । आगरा किल्ला हाम्रो पहिलो निसाना भयो । टुरिष्ट भई टोपलेको कारण हाम्रा लागि एक जना गाइड अघि लाग्यो । त्यो गाइड हाम्रो बिचमा निकै चर्चाको विषय पनि बन्यो । कालो, बडे ज्यानको कडा स्वर निकाल्ने त्यो कमाण्डर जस्तै थियो । पूर्ण पेशेवर । एक इन्ची तल माथि नहुने । जता पनि कमिसन खान सिपालु । टिकटदेखि पसलसम्म जतातै कमिसनको खेल । तर त्यो गाइडमा अचम्मको नेतृत्वदायी क्षमता थियो । उसले भनेपछि लुरुक्क र खुरुक्क हुनुपर्ने । आगरा दरबारको बारेमा उसले मनमोहक व्याख्या गर्‍यो । अकबर र वीरवलको किस्सा संसारमा नसुन्ने र नपढ्ने को होला र ! यी किस्साहरुमा एक मुस्लिम बादशाह भएर पनि सबै धर्म र जातजातिप्रति उत्तिकै सद्भाव राख्ने को हुन सक्छ ? उनका मुख्य मन्त्री वीरवल हिन्दू थिए र उनको सबैभन्दा प्रिय । आगरा दरबारको वैभव देखिन सक्नु र सुनिनसक्नु लाग्यो । बाबर, हुमायुँ, अकबर, जहाँगीर र औरंगजेवहरुले पूर्णता दिंदै गएको त्यो दरवार कलैकलाको संग्राहालय जस्तो लाग्यो । आगराकिल्ला, अगरसिंह गेट, हौज, अंगुरीवाग, खासमहल, दीवान-ए-खास, शीशमहल, सूम्मन बुर्ज, नगीना मस्जिद, दीवान-ए-आम, मीना मस्जिद, मीनाबजारका सुन्दर संरचना र त्यससँग जोडिएका रोमाञ्चक कथाहरु कम्ति लोमहर्षक रहेन छन् । त्यो जमानामा अहिलेको वाथटप जस्तै बिसाल ढुंगालाई कुंदेर बनाएको ओखल । अत्तरयुक्त सुगन्धित र त्यो पनि जाडोयाममा तातोपानी र र गर्मीयाममा चिसोपानी राखेर त्यसमा राजारानी डुबुल्की मार्थे रे ! बिसाल किल्लाभित्रको त्यो दरवार मानवसिर्जनाको अनुपम उपहार भएर उभिएको उभियै छ हाम्रो अगाडि । त्यसपछि हाम्रो अर्को निसाना ताजमहल थियो । यमुना नदीको किनारमा रहेको ताजमहलको बारेमा मैले भन्नु पर्ने केही रहेन । उही सबैले सुनेको र पढेको शारजहाँ र र मुमताजको कथा । आफ्नो मन परेकी ३९ बसन्तमा टेक्दै गरेकी रानी लाऊँ लाऊं र खाऊं खाऊं उमेरमै स्वर्गवास हुँदा कसको मन नरोला र ! वियोग कसैको लागि आंशु मात्र हुन्छ भने कसैको लागि सिर्जनाको स्रोत बन्दोरहेछ । माधव घिमिरेकै 'गौरी' श्रीमतीको वियोगमा लेखिएको नेपालकै उत्कृष्ट शोककाव्य बन्न पुग्यो । सायद शोकलाई शक्तिमा बदल्ने भनेको यही होला । शार जहाँले त्यही वियोगबाट उत्कृष्ट सिर्जना(ताजमहल) संसारलाई दिएर गए, जो आज प्रेम र मानवीय सद्भावको प्रतिक बनेर संसारलाई मानवतातिर डोऱ्याईरहेको छ । विश्व सम्पदाको रुपमा रहेको प्रेमको प्रतिक यो महलमा विभिन्न देशबाट आएका मान्छेहरु भेटिए । स्थान, परिवेश, इतिहास, वास्तुकला र विश्वासको संगमस्थल ताजमहलमा जतिबेर बसियो मैले आंफूलाई अर्कै महसुस गरें । यस्तो लाग्यो कि संसारमा कोही शत्रु छैन । चराचर जगत सबै प्रेमी । सबै निर्जिव वस्तुहरुमा प्राण छ जस्तो । ताजमहल त हामी दर्शनार्थीहरुसँग बोलीरहेझैं लाग्यो । संसारका फरक-फरक भाषीहरुको बीचमा पनि सबैले बुझिरहने अनौठो भाषामा ताजमहलले हामीलाई इतिहास, साहित्य, कला, वास्तुकला, र मानवताको पाठ पढाईरहेको थियो । त्यसबेला मैले आंफूलाई ताजमहलको शिरजत्तिकै उच्च महसुस गरें । ताजमहल एउटा किताव जस्तै लाग्यो । परबाट पनि पढ्न सकिने । तर हतारोले गर्दा ताजमहल किनेर पनि पाना मात्रै फर्काएर झोलामा राखेको किताव जस्तो मनभरी बोक्दै त्यहाँबाट फर्क्यौं । फर्कने बेलामा हाम्रो गाइडले कमिसनको डकारसँगै हामी मथुराको दर्शनपछि मात्र दिल्ली फर्कने तालिका सार्वजनिक गर्‍यो । त्यसबेला साँझको सात बजे पनि मेरो मन फेरि द्वापरयुगमा फर्क्यो । मैले सुनेका र पढेका मथुरावासी कृष्ण काले घनिभूत हुन थाले । शार्दूलविक्रिडित छन्दका कविता(शिलोक) मा अर्थ लगाई लगाई मेरा बाले भाका हालेर गाएका कृष्ण चरित्र फेरि रील घुमेझैं मेरा दिमागमा घुमे । बाल्यकालमा मलाई मेरा बाले सुनाएका ती शिलोकले बालकृष्णमा मैले आंफैलाई आरोपित गरेर आनन्द लिन्थें । मलाई लाग्थ्यो कृष्ण भगवान भनेका कृष्ण काले पनि म जस्तै बालविज्याईं गर्ने मान्छे रहेछन् । दही, नौनी चोर्ने, बिस्कुन(घाममा सुकाएको अन्न) मा गाईका बाच्छा छोडिदिने, भांडाहरुमा मुत्ने, बालसखाहरुको नेता । आमालाई सताउने, बांसुरी बजाउने, राधालाई फंसाउने । तिनै कृष्ण कालेको घरमा आईपुग्दा कुन हिन्दूको मन खुस नहोला ! राज्यपिच्छे नेता र नीति फरक हुन्छ भनेझैं हाम्रो गाडीमा मथुराको दर्शनपछि फेरि अर्को गाइड पदार्पण भयो । उसले त्यो छोंटो दुरीमा कृष्णका बालापनका कथाहरु राम्रैसँग पढायो । गाडीभरीका सबै यात्रुहरु चुपचाप भएर उसको एकोहोरो प्रवचनमा लिन भए । यसो केही बोल्न नहुने । ख्याकखुक समेत गर्न नपाइने । मूर्दा शान्ति जन्माएर उसले हामीलाई आफ्नो बसमा पार्दै गयो । ऊ त गाइड नभएर पण्डा पो रहेछ । पछि मन्दिरमा गएर ठगठागको शिलशिला सुरु भएपछि त्यो भेद खुल्यो । कृष्ण भगवानको पवित्रस्थलमा जुन भावनाले उनका भक्तजनहरु आउँछन्, ठगहरुको चंगुलमा पर्नेहरुको भावनामा नराम्रोसँग चोट पुग्छ । आफ्नै मामा भए पनि जनताका पीडक भएको कारण कंशलाई मार्ने कृष्ण भगवान, महाभारत युद्धमा सत्यको पक्षमा लाग्ने कृष्ण भगवान जनताका पक्षधर नेता थिए । कृष्ण मान्छे जस्ता भगवान् होइनन् । असल मान्छे भएका कारण भगवान् भएका हुन् । तर तिनै भगवान्का जन्मस्थलमा बसेर र तिनकै आदर्श कथाहरु बेचेर पण्डाहरुले मथुरामा युगौंदेखि स्थापना गरेको ठगीको आतंक्लाई स्थानीय सरकार, पुलिस प्रशासनले समर्थन गरेर बसेको देख्दा उदेक लाग्यो । तर कृष्ण काले जन्मे, हुर्केको, रनवन गरेको, सोह्रसय गोलेनी(गोपिनी)सँग रासलिला रचेको त्यो जीवन्त क्रिडास्थल, ऐतिहासिक र धार्मिकक्षेत्रको हरेक पाटोलाई छुने र केलाउने मन भए पनि समयको पावन्दीका कारण हामी दिल्ली फर्कने तयारीमा लाग्यौं । बाटोभरी आंफुहरु ठगिएको आत्मग्लानी, त्यसलाई ढाकछोप गर्ने दुस्पर्यत्न, त्यसै घटनालाई गफको रमाइलो विषय बनाउने उपक्रमबीच हामी मध्यरातको समयमा दिल्लीको नजिक भईरहेका थियौं । पर्यटक बनेर पर्यटकीय क्षेत्रबाट फर्कंदै गरेका हामी आठ नेपालीलाई भारतको राजधानी दिल्लीमा चल्ने पर्यटक बसले मध्यरातमा बीच बाटोमा अर्को गाडीमा पठाएपछि फेरि अर्को रडाको चल्यो । तर हाम्रा साथीहरुले त्यसलाई राम्रैसँग मुकाबिला गरे । आंफू भने नेपाल लेखेको पुन्टे झोला बोकेर यता र उता गरिरहें । धेरैबेरको तं तं र म म भएपछि गाडीका स्टाफहरु हामी बिहान चढेको सफ्दरगञ्जमै हामीलाई पुऱ्याउन बाध्य भए । त्यसको लागि हाम्रा साथीहरुलाई धेरै कसरत गर्न पर्‍यो । हामी बिहान तीन बजे गोर्खाल्याण्ड पुग्दा घरमै पुगे जस्तो भयो । घटना सुनाउंदा गोर्खाल्याण्डका गोर्खालीहरु पनि उनीहरुसँग रिसाए । आखिर भूगोलको साइनो, रगतको साइनो कम्तिको हुन्छ र ? जीवन भनेकै राम्रो नराम्रो, मीठो नमीठो अनुभवहरुको संगालो हो रहेछ ! विहानपख सुत्दै गर्दा मलाई यस्तै अनुभव भईरह्यो । ***रचना : २५ जेठ २०७३***

कर्मयोग ●

## कर्मयोग

समय- दिउसो ३ बजे

पात्रहरू-

१, धृतराष्ट्र (हस्तिनापुर नरेश)

२, सञ्जय (धृतराष्ट्रको सचिव)

३, वासुदेव (अर्जुनका सारथि बनेका देवकी नन्दन कृष्ण)

४, अर्जुन (महाभारत युद्धका मुख्य योद्धा)

> ***सारमा यति बुझ न कोही मर्छ न कसैले कसैलाई मार्न सक्छ । अर्जुन- जे भए पनि पाप त लाग्छ नि । यस्तो कामको भागीदार म किन बनौँ ? वासुदेव- कसले भन्यो तिमीलाई पाप लाग्छ भनेर ? यो त तिम्रो स्वधर्म हो । तिमी युद्धकै लागि आएका हौ । यति बेला तिम्रो धर्म भनेकै यही हो । स्वधर्म पूरा गर्दा पाप लाग्दैन । बरू त्यसबाट पन्छिन खोज्दा भने लाग्छ ।***

नेपथ्यमा दुवैतर्फका सेनाहरू आ-आफूले जित्ने मनाशयका साथ एकले अर्कोलाई लल्कारिरहेका हुन्छन् । हस्ती, घोडसवार र रथिहरू परेठ खेल्नमा व्यस्थ छन् । त्यसकै छेउमा सञ्जय धृतराष्ट्रलाई युद्धको स्थिति बताइरहेका अवस्थामा देखा पर्छन् । धृतराष्ट्र- ( अर्जुन युद्ध गर्दिन भन्दै रथको छेउमा बसेर रुन लागेको कुरा सुनेपछि) सञ्जय ! भन त यति बेला वासुदेव कृष्ण अर्जुनलाई के भनेर उक्साइरहेका छन् ? सञ्जय- महाराज ! उनी अर्जुनलाई यही भनिरहेका छन् कि अर्जुन ! यो कायरको भाषा हो । अहिले आएर यस्तो कुरा गर्न लाज लाग्दैन ? पहिले कहाँ गएको थियो बुद्धि तिम्रो र युद्धस्थलमा आएपछि यस्तो कुरा गर्दै छौ ? यो लाभ, हानि, जय र पराजयबारे सोच्ने बेला होइन । अहिलेको अवस्था भनेको युद्धको हो । यसैका लागि आएका हौ । अहिले आएर युद्ध गर्दिन भन्न तिमीलाई सुहाउँदैन । यसले तिम्रो यस लोक र परलोक दुवै लोक बिग्रन्छ । सबैले अर्जुन युद्धबाट डराएर भागेका हुन् भन्ने छन्, जुन तिमीलाई सहन गाह्रो पर्नपर्छ । धृतराष्ट्र- ए˜ ˜ त्यसो पो भने ? अनि अर्जुनले के भने नि ? सञ्जय- अर्जुन यही भनिरहेका छन् कि जेसुकै भन्नुस् वासुदेव ! युद्ध गर्दिन भनेपछि गर्दिन । आफ्नै गुरुजनमाथि कसरी वाण चलाऊँ ? जसले औँला समातेर हिँड्न सिकाए, काँधमा बोकेर आँगन देखाए तिनै पितामह भीष्मलाई मारौँ ? जसले शिक्षाको ज्योति जगाएर आँखा खोलिदिए तिनै गुरु द्रोणाचार्यलाई समाप्त पारौँ ? अहँ यस्तो पाप मबाट हुँदैन । मेरा निम्ति उहाँहरूलाई मारेर राजकीय सुख भोग्नुभन्दा मागेर खानु बेश । फेरि युद्धमा हाम्रै विजय हुन्छ भन्ने पनि त छैन । दुर्योधनकै हुन पनि त सक्छ । त्यसैले अरू नै कुनै कल्याणकारी मार्ग बताउन आग्रह गर्छु ताकि जलेको मनमा शान्ति मिलोस् । धृतराष्ट- कति राम्रो कुरा गर्‍यो अर्जुनले । सबैले यस्तै कुरा गरे कस्तो हुन्थ्यो । वासुदेव कुष्ण छन् नि कहीँ नभाका । उनले के भने नि ? राम्रो कुरा त पक्कै गरेनन् होला ? सञ्जय- त्यस्तै बुझ्नुस् महाराज ! तपाईका निम्ति सुखद छैनन् । उनी भनिरहेका छन् 'हरे शिव ! कसरी सम्झाऊँ तिमीलाई ? विद्वान्जस्तो लागेको थियो तर मूर्खै रहेछौ । कुरा सुने ज्ञानीको व्यवहार हेर्‍यो मूर्खको । अनावश्यक कुरामा शोक गर्ने काम मूर्खले मात्र गर्छन् । ज्ञानीले होइन बुझ्यौ ? ज्ञानीहरू काम सुरू गर्नुपूर्व तीन पटक सोच्छन्, सुरू गरिसकेपछि निरन्तर लागिरहन्छन् । संसारमा कसैको पनि स्थायित्व छैन । जसलाई देखिरहेका छौँ ती सबै न पहिले थिए न पछि रहने छन् । जसको सत्ता स्थायी हुन्छ ऊ सँधै रहन्छ, जसको छैन उसको छँदैछैन । अर्जुन- यस्तो वेदान्ती भाषा तपाईंले मात्र बुझ्ने कुरा हो वासुदेव ! मैले बुझेको त यही हो कि मृत्युभन्दा ठूलो दु:ख अर्को हुन्न । हो बुझ्छु मृत्यु अन्तिम सत्य हो । जसले पनि एक पटक मर्नुपर्छ, जुन कसैको पनि हातमा छैन तर कम्तीमा त्यसको कारक नबन्न त सकिन्छ नि ? वासुदेव- ठीक भन्यौ मृत्यु अन्तिम सत्य हो तर त्यो शरीरको धर्म हो आत्माको होइन । शरीर मर्छ आत्मा मर्दैन । मात्र सर्ने भएकाले उसलाई न आगोले डडाउन सक्छ, न पानीले भिजाउन सक्छ, न वायुले सुकाउन सक्छ न हात हतियारलेको काट्न सक्छ । उसका लागि मृत्यु भनेको त पुरानो लुगा छाडेर नयाँ लुगा लगाए जस्तै हो । सारमा यति बुझ न कोही मर्छ न कसैले कसैलाई मार्न सक्छ । अर्जुन- जे भए पनि पाप त लाग्छ नि । यस्तो कामको भागीदार म किन बनौँ ? वासुदेव- कसले भन्यो तिमीलाई पाप लाग्छ भनेर ? यो त तिम्रो स्वधर्म हो । तिमी युद्धकै लागि आएका हौ । यति बेला तिम्रो धर्म भनेकै यही हो । स्वधर्म पूरा गर्दा पाप लाग्दैन । बरू त्यसबाट पन्छिन खोज्दा भने लाग्छ । स्वत: प्राप्त भएको स्वर्गको ढोकालाई किन बन्द गर्न चाहन्छौ ? यति बेला तिम्रो दुवै हातमा लड्ड छ । जिते पृथिवीको भोग गर्ने छौ मरे स्वर्ग जाने छौ । त्यसैले भन्छै छु स्थितप्रज्ञ बनेर युद्ध गर । अर्जुन- के हो त्यो स्थितप्रज्ञ भनेको वासुदेव ! यसको परिभाषा के हो ? अनि त्यस्ता मानिसको व्यवहार कस्तो हुन्छ ? वासुदेव- सबै कामना त्यागेर निष्काम भावले काममा लागिरहनेलाई स्थितप्रज्ञ भनिन्छ भने सुख, दु:खलाई समान ठानी डर, त्रास, रिस, रागबाट मुक्त हुनुलाई स्थितधी भनिन्छ । लाभ र हानिको पछि लाग्दा त्यसप्रति राग बढ्छ, रागले आशक्ति बढाउँछ, आशक्तिबाट कामना उत्पत्ति हुन्छ, कामनाले क्रोध बढाउँछ, क्रोधबाट स्मृतिभ्रम हुन्छ, स्मृतिभ्रम भएपछि बुद्धिनाश हुन्छ र बुद्धिनाश भएपछि सर्वनाश हुन पुग्छ । त्यसैले यस्ता कुराको पछि नलागी जुन काममा लागि आएका हौ त्यतैतर्फ ध्यान केन्द्रित गर । यत्तिकैमा पर्दा खस्छ, नाटक समाप्त हुन्छ । ***-रातोपाटी डटकम***

# कक्षा १२ मा ५२ प्रतिशत विद्यार्थी उत्तीर्ण




**पाल्पा,** साउन १८/कक्षा १२ को नतिजा सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गत वैशाख १४ गतेदेखि २४ गतेसम्म सञ्चालन भएको परीक्षाको नतिजा शुक्रबार सार्वजनिक गरेको हो ।

सार्वजनिक गरिएको नतिजा अनुसार नियमिततर्फ ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् अर्थात् ग्रेडेड भएका छन् । बोर्डका अनुसार ४७.०९ प्रतिशत विद्यार्थी नन ग्रेडेड भएका छन्, अर्थात् अनुत्तीर्ण भएका छन् ।

नतिजामा सबैभन्दा बढी विद्यार्थी अंग्रेजीमा नन ग्रेडेड भएका छन् । त्यसपछि एकाउन्ट र सामाजिक विषयमा सबैभन्दा धेरै विद्यार्थी अनुत्तीर्ण भएको बोर्डले जनाएको छ ।

अंग्रेजीमा ७२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा १ लाख २ हजार २ सय ६ जना विद्यार्थी नन ग्रेडेड भए । सामाजिकमा ५१ हजार, एकाउन्टमा ४७ हजार विद्यार्थी नन ग्रेडिङमा परेको बोर्डले जनाएको छ । गत असारमा सार्वजनिक एसईईको नतिजामा धेरै विद्यार्थी गणित, अंग्रेजी र विज्ञान विषयमा अनुत्तीर्ण भएका थिए । कक्षा-१२ मा दुई बिषयसम्म नन ग्रेडिङ नतिजा ल्याउने विद्यार्थीको पुरक परीक्षा भदौ २५ र २६ गते सञ्चालन गर्ने बोर्डले जनाएको छ । विद्यार्थीले १ सय ८ विषयमा परीक्षा दिएका थिए ।

गत वैशाख १४ गतेबाट सञ्चालित कक्षा १२ को परीक्षामा चार लाख ९१ हजार ४ सय ९७ विद्यार्थी सहभागी भएका थिए । ७७ वटै जिल्ला र जापानको एकसमेत गरी १ हजार ५२६ केन्द्रमा परीक्षा सञ्चालन भएको थियो । यस पटक पहिलो पटक काठमाडौं जिल्लामा परीक्षणका रूपमा स्वचालित प्रक्रियाबाट परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गरिएको थियो । गत असारमा प्रकाशित एसइईको जस्तै कक्षा १२ को पनि लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार नतिजा प्रकाशन भएको छ ।

खेलकुद समाचार

## भलिबलमा नेपालीको दोस्रो जित




**काठमाडौं,** साउन १८/भुटानमा जारी काभा बिच भलिबलमा पुरुषतर्फ नेपालले शुक्रबार लगातार दोस्रो जित हात पारेको छ । भुटानको राजधानी थिम्पुस्थित चाङ्लिमिथाङ राष्ट्रिय रंगशालामा शुक्रबार बिहान भएको पुरुषतर्फको खेलमा नेपालले उज्वेकिस्तानलाई २-० को सेटमा पराजित गरेको हो ।

मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारको जोडीले उज्वेकिस्तानका मुहामादिएभ र शारिपोभको जोडीलाई २१-१५, २१-१४ ले पराजित गरेको छ । शुक्रबार नै भएको पहिलो खेलमा नेपालले भुटान बी टिमलाई सोझो सेटमन पराजित गरेको थियो । पुरुषतर्फ पहिलो खेलमा नेपाल माल्दिभ्स ए टिभ २-० को सेटमा पराजित भएको हो । कमला पुन र मनिषा चौधरी सम्मिलिति नेपालले महिलातर्फ पनि लगातार दोस्रो जित हात पारेको थियो । महिलातर्फ पहिलो खेलमा नेपालले उज्वर्किस्तानलाई र दोस्रो खेलमा भुटानलाई पराजित गरेको थियो । महिलातर्फ अब नेपालले माल्दिभ्ससँग खेल्न बाँकी छ । सेमिफायनल र फाइनल खेलहरु शनिवार हुनेछन् । तीन दिन सञ्चालन हुने काभा बिच भलिबलमा पुरुषतर्फ १० र महिलातर्फ ७ टोलीको सहभागिता छ । नेपालबाट पुरुष र महिला दुवैमा एक-एक टोली सहभागी छन् ।

अर्थ/कर्पोरेट समाचार

## सुनको मूल्य हालसम्मकै उच्च, पुग्यो डेढ लाख नजिक



**पाल्पा,** साउन १८/नेपाली बजारमा सुनको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरेको छ । यसअघि साउन २ गते प्रतितोला १ लाख ४९ हजार ८ सय रुपैयाँको उच्च रेकर्ड रहेकोमा सो रेकर्ड शुक्रबार तोडिएको हो ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार अघिल्लो दिनको तुलनामा प्रतितोलामा ५ सय रुपैयाँले बढेर उच्च रेकर्ड कायम गरेको छ । मूल्य बढेर डेढ लाख नजिक पुगेको छ । महासंघका अनुसार छापावाल प्रतितोला सुन १ लाख ४९ हजार ९ सय सय रुपैयाँ कायम भएको छ । तेजाबी सुन प्रतितोला १ लाख ३७ हजार ९ सय १० रुपैयाँ पुगेको महासंघले जनाएको छ । बिहीबार प्रतितोला सुन १ लाख ४९ हजार ४ सय रुपैयाँमा कारोबार भएको थियो । यसैगरी, चाँदी प्रतितोला १ हजार ७ सय ९५ रुपैयाँमा खरिदबिक्री भइरहेको महासंघले जनाएको छ ।

सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो ।

नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चि


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## सन्तोष चलचित्र मन्दिरमा...




सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका नेपाली चलचित्र 'शिरफूल', 'मोदीबेनी' र हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

पहिलो शो : ११:३० बजे नेपाली चलचित्र 'शिरफूल', दोस्रो शो : २:३० बजे नेपाली चलचित्र 'मोदीबेनी' र तेश्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५ तानसेन,पाल्पा,फोन:०७५-५२०६०१ E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई